# श्री शान्ति उदय आधारभुत विद्यालय
# Shree Shanti Udaya Basic School
## लिसंखु पाखर-४, अत्तरपुर
## Lisankhu Pakhar-4, Attarpur
## स्था: २०३७ Estd: 2037

विद्यालय कोड नं. : २३०३३०००५
पत्र संख्या (S.NO) : २०८३/०८४
चलानी न( Reg No.)


मिति (Date):- २०८३/०५/२४

**दोस्रो पटक सुचना प्रकाशित मिति २०८३/०५/२४**

**श्री जो जससंग सम्बन्धित छ।**

विषय (subject) :- **सरुवाको लागि दरखास्त आह्वान सम्बन्धमा।**

प्रस्तुत विषयमा यस विद्यालयमा रिक्त रहेको प्राथमिक तह (तृतीय) श्रेणीको शिक्षक दरबन्दीमा शिक्षा नियमावली, २०५९ (दशौं संशोधन) बमोजिम शिक्षक पदपूर्ति गर्नको लागि प्रथम पटक मिति २०८३/०५/०८ मा प्रकाशित सूचना बमोजिम कोहि कसैको पनि निवेदन नपरेकोले सोहि पदमा पदपुर्तिको लागि पुनः दोस्रो पटक यस विद्यालयको वि.व्य.स. को बैठक अनुसार विज्ञापन गर्ने निर्णय भएकोले उक्त पदका लागि योग्य शिक्षकहरुबाट यो सुचना प्रकाशित भएको मितिदेखि **७ दिन भित्र (२०८३/०५/३०** गत्ते सम्म कार्यालय समय) भित्र दरखास्त आव्हान गरिएको छ।

**पेश गर्नुपर्ने कागजातहरु**

१. सरुवाको लागि निवेदन
२. स्थायी नियुक्तिपत्र, पदस्थापन पत्र र विद्यालयमा हाजिर भएको पत्रको प्रतिलिपिहरु
३. सबै तहका शैक्षिक योग्यता तथा तालिमका प्रमाणपत्रहरुको प्रतिलिपि
४. "ख" वा "ग" वर्गको अपाङ्गताको परिचय पत्र भए सोको प्रतिलिपि
५. गर्भवती भए मान्यता प्राप्त स्वास्थ्य संस्थाबाट गर्भवती प्रमाणित भएको पत्रको प्रतिलिपि
६. दुई बर्षभन्दा कम उमेरको बच्चा भएकी महिला भए बच्चाको जन्मदर्ताको प्रतिलिपि
७. न्युन्तम ३ बर्ष स्थायी सेवा गरेको विद्यालयको सरुवा सम्बन्धी निर्णयको प्रतिलिपि र सहमतिपत्र
८. हाल कार्यरत विद्यालय रहेको स्थानीय तहको सहमतिपत्र
९. सिन्धुपाल्चोक जिल्ला बाहेकका जिल्लाबाट भए शिक्षा विकास तथा समन्वय एकाइको सहमतिपत्र
१०. शिक्षा नियमावली, २०५९ को अनुसूचि १७ बमोजिमको फारम

उक्त अवधिभित्र रीतपुर्वकको आफ्नो निवेदन हार्डकपि विद्यालयमा बुझाएर वा यस विद्यालयको इमेलमा पठाएर समेत दर्ता गर्न सकिने छ। प्राप्त निवेदनहरु प्रचलित कानुन बमोजिम मूल्याङ्कन गरी आवश्यक प्रक्रिया अघि बढाइने व्यवहोरा सम्बन्धित सबैमा जानकारीका लागि अनुरोध छ।

**बोधार्थ**

१. श्री शिक्षा विकास तथा समन्वय एकाई चौतारा, सिन्धुपाल्चोक (जानकारी तथा वेबसाईट तथा सामाजिक सञ्जालमा प्रकाशन गरिदिनु हुन )
२. शिक्षा, युवा तथा खेलकुद शाखा, लिसंखु पाखर गाउँपालिका, सिन्धुपाल्चोक ( जानकारी तथा वेबसाईट तथा सामाजिक सञ्जालमा प्रकाशन गरिदिनु हुन )

**सम्पर्कको लागि प्र.अ. ९८६०९३५८१४**
**इमेल : shantiudaya4@gmail.com**